# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७३ को ऐन नं. १४

## सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ मा संशोधन : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ को खण्ड (ङ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्ता व्यक्तिको चालक क्षमता सम्बन्धमा परीक्षण गराई तोकिए बमोजिमको मापदण्ड पूरा भएका सडकमा मात्र सवारी चलाउन पाउने गरी निजलाई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ ।"

आज्ञाले,
टेकप्रसाद ढुङ्गाना
नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति : २०७३।६।१८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

715

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ